# साप्ताहिक समाचारपत्रिका

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा गह्रौ प्राथमिक अस्पताल, वालीङ्ग, स्याङ्गजाको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न भएको छ। गह्रौ प्राथमिक अस्पताल, वालीङ्ग, स्याङ्गजाको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रमको पहिलो लेखाजोखा कार्यक्रम हो। कार्यक्रममा अस्पतालका लागि मुख्य श्रोतब्यक्तिको रुपमा मातृशिशु मितेरी अस्पताल, कास्कीका डाक्टर धर्मदेव ढकाल, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका कार्यक्रम संयोजक श्री नबराज शर्मा र श्री उर्मिला बरालको उपस्थिति रहेको थियो। गह्रौ प्राथमिक अस्पताल, वालीङ्ग, स्याङ्गजाको पहिलो लेखाजोखामा ७१% अंक प्राप्त भएको छ, जुन अहिले सम्मको गण्डकी प्रदेशमा न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन भएका स्थानीय नगर अस्पतालहरु मध्येको उच्चतम अंक हो।प्रस्तुतिकरण तथा समिक्षा कार्यक्रमको अध्यक्षता अस्पतालका मेशुले गर्नुभएको थियो।



त्यसैगरी गण्डकी प्रदेशले यसै महिना संचालन गरेको न्युनतम सेवा मापदण्ड कार्यक्रमको समिक्षाबाट तयार गरेको न्युनतम सेवा मापदण्ड अन्तर्गत process indicator को पहिलो परिक्षण आयुर्बेद तर्फ जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, स्याङ्गजा, स्थानीय तहका अस्पताल मध्ये यसै गह्रौं अस्पताल, स्याङ्गजाबाट शुरु गरेको छ। फोहर ब्यबस्थापनसंग सम्बन्धित मापदण्डमा गह्रौं अस्पताल, स्याङ्गजाले ७८% अंक प्राप्त गरेको छ। फोहोरको बर्गिकरण, संक्रमित फोहोरलाई अटोक्लेभ गरि भण्डारण गर्ने र बिक्रि गर्ने गरेको छ।

## यसकारण हुन्छ गर्भावस्थामा बान्ता

https://hd.gandaki.gov.np/list/news/yasakaranae-hanachha-garabhavasathama-bnata




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




यस बर्ष को ५ औ सुत्केरि राम्जा तिलहार स्वास्थ्य चौकी, पर्वतमा भएको छ।




स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा स्वास्थ्यकर्मी हरुका लागी आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। स्वास्थ्य कार्यालय प्रमुखको अध्यक्षतामा संचालन भएको कार्यक्रममा धौलागिरी अस्पतालका CONSULTANT ENT SURGEN DR अस्मिता श्रेष्ठ र बेनी अस्पताल म्याग्दीका DENTAL SURGEN DR अस्मिता कटुवाल क्षेत्री लगायतले सहजिकरण गर्नुभएको थियो। सहभागिहरुलाई बेनी अस्पताल, म्याग्दीमा प्रयोगात्मक अभ्यास समेत गराइएको थियो ।




**मानसिक स्वास्थ्य : सबैको अधिकार**

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




लमजुङ अस्पताल, लमजुङमा वरिष्ठ रेडियोलोजिष्ट डाक्टर सन्तोष बरालले नियमित भिडियो एक्स-रे सेवा प्रदान गर्नुभएको छ।




## मानसिक स्वास्थ्य : सबैको अधिकार



स्वास्थ्य निर्देशनालय स्वास्थ्य कार्यालय, पर्वत र पैयूँ गाउँपालिकाको समन्वयमा पैयूँ गाउँपालिका हुवास, पर्वतमा समापन भएको छ।



गलकोट नगर अस्पतालका लागि स्वर्गीय विर बहादुर बस्नेत र आमा मन कुमारी बस्नेतको स्मृतिमा छोरा झप्पर बहादुर बस्नेत र बुहारी खड्क कुमारी बस्नेत द्वारा शवगृह (Mortuary) प्रदान गर्नुभएको छ।

## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




गर्भवति महिलाहरुका लागि निशुल्क अल्ट्रासाउन्ड (भिडियो एक्सरे) कार्यक्रम। @ सिंगाना स्वास्थ्य चौकी, बाग्लुंग



गलकोट नगरपालिका-१, बाग्लुंगको आयोजन तथा गण्डकी मेडिकल कलेज, पोखरा र रिमोट हेल्थ सेन्टर नेपालको संयुक्त प्राविधिक सहयोगमा निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सम्पन्न भएको छ।

## हर्टअट्याक हुने ८ कारण र जोगिने १५ तरिका

https://hd.gandaki.gov.np/list/news/harataatayaka-hana-karanae-ra-jagana-taraka

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**




स्वास्थ्य कार्यालय, बेनीको आयोजनामा स्वास्थ्यकर्मीहरुका लागी आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

## आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?



https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




गोरखा अस्पतालमा कार्यरत अर्थोपेडिक सर्जन डाक्टर सिद्धार्थ खनाललाई अस्पताल व्यवस्थापन समितिद्वारा नि. मेडिकल सुपरिटेन्डेन्टको रुपमा स्वागत र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट पाल्नु भएको सर्जरी र प्रसुती तथा स्त्री रोग संकायका चिकित्सकहरुलाई स्वागत कार्यक्रम सम्पन्न गरियो।



साथै निमित्त मेडिकल सुपरिटेन्डेन्ट र प्रसुति तथा स्त्री रोग विशेषज्ञको पदमा कार्यरत रहनुभएको डाक्टर हरि कुमार श्रेष्ठलाई बिदाई गरिएको छ ।




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा मर्स्याङ्दी गाउँपालिका लमजुङमा "स्वास्थ्य प्रवर्द्धनका लागि जीवनशैली परिवर्तन तथा योग कार्यक्रम सम्पन्न भएको छ।



पारिवारिक स्वास्थ्य प्रोफाइलको लागि तथ्यांक सङ्कलनको क्रममा घरदैलो कार्यक्रम ठूलाडिही स्वास्थ्य चौकी स्याङ्जामा संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको आयोजनामा विभिन्न चरणमा संचालित Field Epidemiology Training Program (FETP) र उक्त तालिममा गण्डकी प्रदेश सरकारबाट सहभागी स्वास्थ्य अधिकृतहरूको उपस्तिथि एवं सिकाइ तथा उक्त तालिमपछि हुनुपर्ने उपयोग, अपेक्षित ज्ञान, सीप र धारणामा आउनुपर्ने परिवर्तन, तालिमका लागि अधिकृत छनौटको उपयुक्तता लगायतका विषयमा Safety Net का Country Coordinator तथा FETP का प्रशिक्षक डाक्टर मल्लिक मासुम बिल्लाह र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका वरिष्ठ जनस्वास्थ्य अधिकृत बाबुराम भुसालले गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्मा, महाशाखा प्रमुख सुरज गुरौ, डाक्टर रमेश कुमार के.सी. लगायतका अधिकृतहरूसँग मन्त्रालयमा बैठक गरी प्रदेश सरकारको सुझाव र अपेक्षा संकलन गर्नुभएको छ। उक्त अवसरमा बोल्दै मन्त्रालयका सचिव डा विनोद विन्दु शर्माले FETP तालिम प्राप्त कर्मचारीले आफु कार्यरत जिल्लामा कुनै स्वास्थ्य घटना घटेमा उक्त घटनाको अध्ययन, अनुसन्धानका लागि मुख्य जिम्मेवार अधिकृतका जिम्मेवारी बहन गर्नुपर्ने बताउनु भयो। उक्त अवसरमा बोल्दै सचिव डाक्टर विनोद विन्दु शर्माले आगामी आ.व.हरुमा गण्डकी प्रदेश सरकारका तर्फबाट उक्त कार्यक्रम प्रदेशस्तर मै सञ्चालन गर्नका लागि सम्भावनाको अवस्था र सो का लागि आवश्यक सहकार्य तथा व्यवस्थापनको पक्षमा समेत धारणा राख्नुभएको थियो।



कास्की जिल्लाको पोखरा महानगरपालिकामा रहेको काहूँडाँडामा पहिलोपटक इन्टरनेशनल योगा फेस्टिवल संचालन भएको छ।



पुतलीबजार नगरपालिका-5, स्याङ्गजाको सितला मा.वि.मा विद्यार्थी तथा विद्यालयका शिक्षक कर्मचारीहरुलाई जुकाको औषधी खुवाउने कार्यक्रम सम्पन्न भएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजन र पैयुँ गाउँपालिकाको समन्वयमा स्वास्थ्य व्यवस्थापन प्रणालीलाई डिजिटलाइजेसन सम्बन्धी स्वास्थकर्मीबीचहरुलाई दुई दिने अभिमुखकरण कार्यक्रम गाउँपालिका अध्यक्ष तोरण मल्ल ठकुरीको अध्यक्षतामा भएको छ। उपाध्यक्ष यामकुमारी राना र प्रमुख प्रशासकीय अधिकृत राजिव रिमालले शुभकामाना साथै अगामी दिनमा यो कार्यक्रम सफल पार्न विशेष सहयोग गर्ने बताउनु भएको थियो। उक्त कार्यक्रमको उद्देश्य र महत्त्व बारे स्वास्थ्य कार्यालय पर्वतका प्रमुख एक नारायण लम्सालले प्रवाह गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य निर्देशनालय पोखराका वरिष्ठ तथ्यांक अधिकृत दिवाकर शर्माले र स्वास्थ्य कार्यालय पर्वतका तथ्यांक फोकल रामचन्द्र सुवेदीले गर्नु भएको थियो। कार्यक्रममा ७ वटै वडाका वडाध्यक्ष, सम्पुर्ण स्वास्थ्य संस्थाका प्रमुख एवं प्रतिनिधि, स्वास्थ्य शाखाका कर्मचारी एवं पैयुँ गाउँपालिकाका कर्मचारीहरुको उपस्थिति रहेको थियो । Digitalization पश्चात स्वास्थ्य सेवाका हरेक गतिविधि दैनिक रुपमा System मा प्रविष्टी गरेर सम्पुर्ण जानकारी real time मा प्राप्त हुनेगरि बनाइएको नयाँ Portal मार्फत सम्पुर्ण वडामा रहेका स्वास्थ्य संस्थामा प्रत्येक दिन आउने बिरामीहरुको सम्पुर्ण Details सहितको विवरण राख्दै विभिन्न Report हरु सजिलै प्राप्त गर्न सकिनेछ । यसले स्वास्थ्य क्षेत्रका नया समस्या, बिरामीहरुको तथ्यांक तथा पैयुँ गाउँपालिकको समग्र स्वास्थ्य अवस्थाको बारेमा तथ्यगत जानकारी प्राप्त भैइ नयाँ रणनीति तर्जुमा गर्न सजिलो हुने विश्वास लिइएको छ ।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, नवलपरासी (ब.सु.पूर्व)मा आयुर्वेद क्षेत्र र यसको महत्व, उद्धेश्य तथा सेवाको बारेमा अवलोकन गर्न विद्यालयबाट शिक्षक सहित आएका विद्यार्थीहरुलाई स्वास्थ्य वृत्त, जीवन शैली व्यवस्थापन सहितको विषयमा जानकारीमूलक संदेश प्रदान गरिएको छ।




## यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




आफ्नो बाबुनानीहरुलाई जन्मेदेखि ६ महिनासम्म अनिबार्य रुपमा आमाको दुध मात्र खुवाऔ @ दगातुन्डाडा स्वास्थ्य चौकी, बाग्लुंग

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔ!!




अन्नपुर्ण गाउँपालिका, म्याग्दी, स्वास्थ्य शाखाको आयोजनामा नवजात शिशु तथा बालरोगको एकीकृत ब्यवस्थापन सम्बन्धि स्थलगत अनुशिक्षण कार्यक्रम घार स्वास्थ्य चौकीमा बिषयगत एवमं प्रयोगात्मक अभ्यास गरी सम्पन्न गरिएको छ।




बागलुङ नगरपालिका, स्वास्थ्य शाखाको आयोजनामा गर्भवति महिलाहरुको लागि निःशुल्क ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सिगाना, तित्याङ्ग र नारायणस्थानका स्वास्थ्य चौकिमा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरुलाई नयाँ खोप, कोल्डचेन व्यवस्थापन, ए.इ.एफ.आइ र सर्भिलेन्स तथा खोप सेसनको व्यवस्थापन र सरसफाई प्रवर्द्धन सम्बन्धी ४ दिने आधारभूत तालिम सम्पन्न भएको छ। स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरी नियमित खोप सेवा कार्यक्रमलाई सुदृढिकरण गर्नुको साथै खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्ने उदेश्य अनुरुप उक्त तालिम संचालन भएको थियो। स्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रविण शर्माको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन स्वास्थ्य कार्यालय बागलुङका क्षय कुष्ठ निरीक्षक देव प्रकाश घिमिरेले गर्नुभएको थियो। स्वास्थ्य कार्यालय, पर्वतका प्रमुख एक नारायण लम्साल, बागलुङ नगरपालिकाका जनस्वास्थ्य अधिकृत रामप्रसाद खनाल, स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्री, स्वास्थ्य कार्यालय म्याग्दिका कोल्डचेन सुपरभाइजर विरेन्द्र कुमार चौधरी र WaterAid Nepal का क्वालिटि मनिटरिङ अफिसर सम्झना पाठकले सहजिकरण गर्नुभएको उक्त तालिममा बागलुङ जिल्ला अन्तरगतका निसिखोला गाउँपालिका बाहेकका ९ वटा नगरपालिका र गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुका २४ जना स्वास्थ्यकर्मीहरु तथा खोप फोकल पर्सनहरुको सहभागीता रहेको थियो ।



गण्डकी आयुर्वेद औषधालय, कास्कीको आयोजनामा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम अन्तर्गत मादी गाउँपालिका वडा नं १ सिक्लेसको श्री अन्नपूर्ण माध्यामिक विद्यालयका कक्षा ८ र ९ का ३९ जना विद्यार्थिहरुलाई आयुर्वेद र योग को बारेमा अभिमुखिकरण सम्पन्न भएको छ। सो कार्यक्रमका ४ जना शिक्षकहरुको पनि सहभागीता रहेको थियो। उक्त कार्यक्रममा २५ वटा योग म्याट, विभिन्न पोस्टरहरु साथै आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागबाट प्रकाशित Module for Ayurveda and Yoga Education at School पुस्तिका समेत विद्यालयलाई हस्तान्तरण गरिएको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननिय शुसीला शिम्खडाले मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासीको निरिक्षण गर्नुभएको छ।



बरेङ गाउपालिकाको आयोजना तथा स्वास्थ्य कार्यालय, बाग्लुंगको सहजीकरणमा आ व २०७९/०८० को नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोष्ठि स्वास्थ्य कार्यालय बागलुङका क्षयरोग तथा कुष्ठरोग निरिक्षक देवप्रकाश घिमिरेको सहजिकरणमा र बरेङ गाउपालिका अन्तर्गत रहेका सम्पुर्ण स्वास्थ्य सस्था प्रमुखहरुको उपस्थितिमा सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा धौलागिरी गाँउपालिकाका स्वास्थ्यकर्मीहरुका लागी EHIRRS/ HMIS/LMIS अभिलेख तथा प्रतिवेदन सम्बन्धी अभिमुखिकरण कार्यकम सम्पन्न भएको छ।



नागरिक आरोग्य सेवा केन्द्र, हुप्सेकोट, नवलपरासीको आयोजनामा घरभेट अभियान संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश र वालिङ्ग नगरपालिका, स्याङ्जा स्वास्थ्य शाखाको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रमको अभिमुखीकरण सम्पन्न भएको छ। पालिका अन्तर्गतका १८ वटा स्वास्थ्य संस्थाका प्रमुख र स्वास्थ्य शाखाका कर्मचारी सहभागीता रहेको उक्त कार्यक्रममा मुख्य श्रोतव्यक्तिको रुपमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका कार्यक्रम संयोजक नबराज शर्मा र उर्मिला बरालको उपस्थिति रहेको थियो। सोहि अबसरमा संक्रमण रोकथामसंग सम्बन्धित हात धुने, ग्लभ्स र मास्कको प्रयोग लगायतका बिषयमा प्रयोगात्मक प्रस्तुति भएको थियो।

## जाडोमा निमोनिया: बेवास्ता गरे ज्यानमारा हुनसक्छ।

https://hd.gandaki.gov.np/list/news/jadama-namanaya-bvasata-gara-jayanamara-hanasakachha

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

## जाडोमा आगो🔥ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज ,कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।

## नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana

## मानसिक स्वास्थ्य : सबैको अधिकार

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार


## जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"






गलकोट नगरपालिका स्वास्थ्य शाखाको मंसिर महिनाको मासिक समीक्षा वैठक सम्पन्न भएको छ। वैठकमा AIDS day celebration अन्तर्गत उत्कृष्ठ ब्यानर पाण्डबखानि स्वास्थ्य चौकी र उत्कृष्ठ फोटो काँडेबास स्वास्थ्य चौकीलाई प्रदान गर्नुका साथै ectopic pregnancy & Tuberculosis विषयमा डाक्टर राजेश पौडेलले CME सेसन संचालन गर्नुभएको थियो।

## महिला स्वास्थ्य स्वयंम सेविका (FCHV) सम्बन्धि जानकारी मूलक भिडियो

https://www.youtube.com/watch?v=SfrrijMdiBg

## " सबै क्षेत्र जुटौं, प्रतिजैविक प्रतिरोध रोकथाम गरौं"

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

## रक्तदानलाई लिएर विश्वभर रहेका १२ भ्रम र सत्य

https://hd.gandaki.gov.np/list/news/rakatathanalii-lera-vashavabhara-rahaka-bharama-ra-sataya

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको सहजिकरण तथा बरेङ गाँउपालिकाको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) को दोस्रो फलोअप सुखौरा स्वास्थ्य चौकिमा सम्पन्न भएको छ।उक्त संस्थाले ६३% अंक प्राप्त गरेको छ। सो कार्यक्रममा स्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरे, स्वास्थ्य संयोजक पदम पुन तथा स्टाफ नर्स मार्टिना थापाको उपस्थितिमा सम्पन्न भएको छ।




"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



बडिगाड गाउपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको मङ्सिर महिनाको नियमित मासिक समीक्षा बैठक सम्पन्न भएको छ!आजको मासिक समीक्षा बैठकमा ७ वटा स्वास्थ्य चौकीका प्रमुख, ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख र ५ वटा सामुदायिक स्वास्थ्य इकाईका अ.न.मी. को उपस्थिति रहेको थियो। आजको कार्यक्रममा बडिगाड गाउँपालिका सामाजिक बिकास समितिका संयोजक दिपेन्द्र प्रताप के.सी.को अध्यक्ष्यता र स्वास्थ्य शाखाका प्रमुख बिपेन्द्र के.सी.लगाएत स्वास्थ्यकर्मिहरुको उपस्थितिमा बैठक बसि मासिक प्रतिबेदन HMIS 9.3, DHIS 2 मा प्रबिस्ठ भएको डाटा, डाटा भेरिफिकेशन एक्सेल सिट , LMIS सम्बन्धि छलफल गरियो। साथै आजको समीक्षा कार्यक्रममा मङ्सिर महिनामा विभिन्न स्वास्थ्य सुचकका आधारमा उत्कृस्ट कार्य सम्पादन गर्ने १५ वटा स्वास्थ्य सस्था मध्ये दर्लिङ स्वास्थ्य चौकिले १०० अङ्क प्राप्त गरि दर्लिङ स्वास्थ्य चौकिले प्रथम स्थान हासील गरेको छ।

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




नियमित खोपमा सरसफाइ प्रवर्धन कार्यक्रम @ दमेक स्वास्थ्य चौकी बाग्लुङ



नियमित खोप कार्यक्रम सङ्गै सरसफाइ प्रबर्द्धन कार्यक्रम, बाग्लुंग नगरपालिका-१२, अमलाचौर

## मानसिक स्वास्थ्य : सबैको अधिकार

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको ३ दिने अभिमुखिकरण कार्यक्रम संचालन भएको छ। स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशाशक हेमन्त शर्मा पौडेलको अध्यक्षतामा संचालित कार्यक्रममा कुश्मा नगरपालिकाका उपप्रमुखको प्रमुख आतिथ्यता रहेको छ। साथै कार्यक्रममा कुश्मा नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत, स्वास्थ्य कार्यालय, पर्वतका प्रमुख तथा पोषण फोकल पर्सन, कुश्मा नगरपालिकाका स्वास्थ्य तथा शिक्षा शाखाका कर्मचारीहरुको उपस्थिति रहेको छ।




"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँ अन्तर्गतका चैनपुर स्वास्थ्य आमा समूह नियमित बैठक तथा गाउँघर क्लिनिक सञ्चालन भएको छ, जसमा वालवालिकाको वृद्धिविकासको नियमित अनुगमन साथै गर्भवती आमा तथा वालवालिकाको पोषण अवस्था बारे अनुगमन तथा जानकारी गराईनुका साथै यौन जन्य संक्रमण रोगहरुबाट बच्ने उपाय र सो सम्बन्धी सचेतना गर्नुको साथै महिनावारीको समयमा ध्यान दिनु पर्ने व्यक्तिगत सरसफाई लगायत बिरामीको स्वास्थ्य जाँच तथा उपचार पनि गरिएको छ।



पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाको आयोजना र कोशिशको प्राविधिक सहयोगमा स्वास्थ्यकर्मीहरुका लागि ४ दिनको मानासिक स्वास्थ्य सम्बन्धी आधारभूत मनोविमर्श तालिम सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा प्रदेश स्तरीय आकस्मिक स्वास्थ्य सेवाको स्तरीय उपचार पद्दति (EHS STP) कार्यक्रम संचालन भएको छ। गण्डकी प्रदेशका ६ वटा जिल्लाहरु (मनाङ्ग, मुस्ताङ्ग, गोरखा, तनहुँ, नवलपरासी पूर्व र लमजुङ्ग ) का मेडिकल अधिकृत, नर्शिङ्ग, पारामेडिक्सहरुको उपस्थिति रहेको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काको अध्यक्षतामा संचालित यस कार्यक्रममा सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको प्रमुख उपस्थिति रहेको थियो। कार्यक्रम ३ दिनसम्म चलेको उक्त कार्यक्रममा पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, स्याङ्जा अस्पताल र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका चिकित्सकले मुख्य प्रशिक्षकको रुपमा रहनुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा DATA VISUALISATION कार्यक्रम संचालन भएको छ। गण्डकी प्रदेशका सबै जिल्लाहरुका स्वास्थ्य कार्यालय प्रमुखहरु, तथ्यांक अधिकृतहरु, जिल्ला अस्पतालका तथ्यांक अधिकृतहरु, प्रादेशिक कार्यालहरुका तथ्यांक अधिकृतहरु, महाशाखा प्रमुखहरु, WHO नेपालका केन्द्रीय तथा प्रादेशिक प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।



सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको अध्यक्षतामा संचालित यस कार्यक्रममा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंका प्रबक्ता डाक्टर प्रकाश बुढाथोकीको उपस्थिति रहेको थियो। कार्यक्रम २ दिनसम्म चलेको उक्त कार्यक्रममा मुख्य प्रशिक्षकको रुपमा WHO का प्रशिक्षकहरुले (डाक्टर दिपेन्द्र, डाक्टर दिपेश र बिरोध कट्टेल) सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्का, स्वास्थ्य तालिम केन्द्रका निमित्त महानिर्देशक रमेश प्रसाद अधिकारीको समेत बिशिष्ट उपस्थिति रहेको थियो।



अतिरिक्त प्रहरी पोष्ट, भोर्ले, पर्वतको आयोजनामा प्र.स.नि सुरेश मानन्धरले पैयुं गाउँपालिका-७, भोर्लेमा वडा प्रतिनिधी देवी सापकोटाको अध्यक्षतामा वडा प्रतिनिधी, समाजसेवी, बुद्धिजिवी र स्थानियहरुको उपस्थितिमा घरेलु हिंसा सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।



सामुदायिक सेवा केन्द्र, अम्बोट पर्वतको आयोजनामा प्र.ब.ह. जय ब. कुवँरले मोदी गाउँपालिका-५, अम्बोट बजारमा स्थानियहरुलाई सार्वजनिक स्थान तथा सवारीमा हुने यौनजन्य हिंसा सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम संचालन गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुंगको मंसिर महिनाको नियमित मासिक समीक्षा बैठक सम्पन्न भएको छ। स्वास्थ्यकर्मिहरुको उपस्थितिमा बैठक बसि मासिक प्रतिबेदन HMIS 9.3 र LMIS सम्बन्धि छलफल गर्नुको साथै Report correction गरिएको छ। साथै जिमि मा (०-२३) महिना का बालबालिकाहरुको तौल अनुगमन गर्नुका साथै जेष्ठ नागरिकहरुलाई स्वास्थ्य परिक्षण गर्ने निर्णय भएको थियो।




स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा स्वास्थ्यकर्मीहरुका लागि आखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार बारे अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सुन्दरबजार अस्पतालका डाक्टर शिशिर वि.क., लमजुङ अस्पतालका डाक्टर रिविका श्रेस्ठ, समिता गुरुङ र सदिक्षा श्रेस्ठले सहजीकरण गर्नुभएको थियो।



गलकोट नगरपालिका, बाग्लुंगको आयोजनामा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम गलकोट न.पा. ८ थालेपोखरामा ९६ बर्षिय तुलसी पुनको स्वास्थ्य परीक्षण गरी कार्यक्रमको सुरुवात गरिएको छ।



प्रहरी चौकी, भुकताङले पर्वतको आयोजनामा प्र.ह. धनपति शर्माको कमाण्डमा मोदी गाउँपालिका-१ लप्सिबोटमा स्थानिय मानिसहरुलाई आत्महत्या रोकथाम सम्बन्धी सचेतनामुलक कार्यक्रम गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




गलकोट नगरपालिका स्वास्थ्य शाखा, बाग्लुंगको आयोजनामा घर घरमा जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमको पहिलो चरणमा गलकोट नगरपालिका वडा नं १ भैसेका ९८ बर्षका श्री मान बहादुर कुवंरको स्वास्थ्य परिक्षण गरि जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमको संचालन गरिएको छ।



स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा जिल्ला स्तरिय खानेपानी गुणस्तर सर्भिलेन्स समितीको बैठक सम्पन्न भएको छ। स्वास्थ्य कार्यालयका प्रमुख प्रविण कुमार खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा खानेपानीको परिक्षणमा उपभोक्ता समिति, खानेपानी कार्यालय र स्वास्थ्य कार्यालयको भूमिका के- के रहने, स्थानीय तहबाट NWASH- MIS अध्यावधिक गर्ने, खानेपानी उपभोक्ता समिती/आयोजना लाई थप सशक्तिकरण गर्ने, खानेपानी आयोजनाहरुको एकीकृत अनुगमन, खानेपानी सुरक्षा योजना लागू नभएका आयोजनाहरुमा सो लागु गर्ने, समुदायमा क्लोरिनेसन अभियान सन्चालन, पानी शुद्दिकरण का लागि समुदायमा जनचेतना जागरण लगायतका विसयमा छलफल भएको थियो। स्वास्थ्य कार्यालयका कार्यक्रम फोकल पर्सन निरोज कुमार श्रेष्ठले कार्यक्रम सन्चालन तथा प्रस्तुतिकरण गर्नुभएको थियो।



प्रहरी चौकी, मिलनचोक, पर्वतको आयोजनामा प्र.ब.ना.नि राजेश मल्ल ठकुरीको नेतृत्वमा जलजला गाउँपालिका-७ लस्तीमा दलित संघका अध्यक्ष बुद्दि परियारको अध्यक्षतामा स्थानिय व्यक्तीहरु, आमा समुह, समाजसेवीहरुका लागि बालबिबाह न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम गरिएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




अन्नपुर्ण गाउँपालिका, स्वास्थ्य शाखा, म्याग्दीको आयोजना तथा दरवांग अस्पतालको सहजिकरणमा शिख स्वास्थ्य चौकिमा नवजात शिशु तथा वालरोगको व्यवस्थापन सम्वन्धि स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ। स्वास्थ्य शाखा प्रमुख समुन्द्र वरुवाल र दरवांग अस्पतालका हे अ यमन बिक्रम नेपालीको मुख्य सहजिकरण तथा सवै संस्थाका स्वास्थ्यकर्मिहरुको उपस्थितिमा सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय बागलुङ, काठेखोला गाउँपालिका, स्वास्थ्य शाखा र WaterAid नेपालको आयोजनामा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप तथा सरसफाई प्रबर्द्धन कार्यक्रमको सुदृढिकरण गरी नियमित खोप सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन विभिन्न स्वास्थ्य संस्थामा संचालित खोप सेसन तथा संस्थामा स्वास्थ्यकर्मीहरुलाई सहजिकरण गरीएको छ।



ग्वालीचौर स्वास्थ्य चौकी, बाग्लुंगको आयोजनामा उतर प्रसुती स्याहार घरभेट कार्यक्रममा सुत्केरी एंव नवशिशुको स्वास्थ्य परिक्षण नियमित संचालन भएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




मुस्ताङ सामुदायिक आँखा केन्द्र र थासाङ गाउँपालिकाको संयुक्त आयोजनामा लेते प्राथमिक स्वास्थ्य केन्द्रमा निशुल्क आखा शिबिर संचालन भएको छ । १२८ जना सेवाग्राहीले सेवा लिएका थिए, जसमध्ये महिला ७३ र पुरूष ५५ जनाले आँखा परिक्षण भएको र यस शिबिरमा प्राविधिक र औषधि मुस्ताङ सामुदायिक आँखा केन्द्रबाट निःशुल्क वितरण गरिएको थियोभने ४९ जनालाई थासाङ गाउँपालिकाले निःशुल्क चस्मा वितरण गरेको थियो।



गर्भवती महिलाको उचाईको नाप लिंदै @ ताक्लुङ्ग स्वास्थ्य चौकी, गोरखा




**मानसिक स्वास्थ्य : सबैको अधिकार**

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण सम्बन्धि प्रदेश स्तरीय बैठक सम्पन्न भएको छ। कार्यक्रममा यस आ.ब.मा सम्पन्न भएका कार्यक्रम र आगामी कार्ययोजनाका बारेमा छलफल भएको थियो।



कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक किम बहादुर खड्काले गर्नुभएको थियो भने स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्र, पोखरा महानगरपालिका, स्वास्थ्य शाखा, नेपाल कुष्ठरोग निवारण संघ, INF, NFDN-Gandaki, Save The Children लगायत संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। बैठकले संयुक्त रुपमा अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण सम्बन्धि कार्यक्रम संचालन गर्ने निर्णय गरेको छ।



गण्डकी आयुर्बेद औषधालय, कास्कीले नियमित खोप कार्यक्रममा दुग्धबर्धक औषधि शतावरी वितरण एवं परामर्श सेवा प्रदान गरिएको छ।



खोप तथा सरसफाई प्रवर्द्धन कार्यक्रममा आफ्नो बच्चा बोकेर हात धुदै एक आमा @ विम स्वास्थ्य चौकी, म्याग्दी

# साप्ताहिक समाचारपत्रिका

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





चिसोको समयमा आगो, विजुलीको हिटर, जस्ता सामाग्रीको प्रयोगले दुर्घटना एवम् जनधनको क्षति हुने भएकोले सावधानी अपनाऔं।

- चिसोबाट बच्न, न्यानो रहन न्यानो लुगा लगाउने, आगो ताप्नै परे आगोको नजिक बसेर नताप्ने ।

- आगो, हिटर र विजुलीको काम सकिने वित्तिकै तुरुन्तै बन्द गर्ने।

- आगो, तातो पानी र तातो पदार्थ साथै हिटर र विजुलीको सामाग्रीबाट बच्चाहरुलाई टाढै राख्ने ।

- खाना पकाउँदा बच्चा नबोक्ने, कपाल र कपडा सपक्क बाँध्ने, छिट्टै आगो टिप्ने पोलिष्टर तथा टेरिकटनको कपडा नलगाउने ।

- ग्यास चुहावट भएको शंका लागे झ्याल ढोका खोलेर रेगुलेटर बन्द गर्ने । ग्यास खुला भएको वा चुहावट भएको वेला सलाई, बिजुली बत्ती, टर्च, फोन आदि जस्ता प्रज्वलनशील वा व्याटी जन्य वा विद्युतीय सामानहरुको प्रयोग गर्दा ठूलो विष्फोट हुन सक्ने हुँदा प्रयोग नगर्ने ।

- ग्यास चूलो, पाइप र सिलिण्डरको नियमित चेकजाँच गर्ने ।

- ग्यास चूलोको काम सकिए पछि रेगुलेटर बन्द गर्ने ।

- आगो, गिजर, हिटर राम्ररी निभाएर मात्र सुत्ने ।

- हावा आवत जावत नहुने कोठामा आगो वाल्दा, गिजर, हिटर चलाउँदा निसास्सिएर ज्यान जानसक्ने हुँदा हावा आवतजावत हुने व्यवस्था गरेर मात्र यस्तो कार्य गर्ने ।

आगोले पोलिहालेमा के गर्ने ?

- आगोले पोलिहालेमा आत्तिएर नदौडिने र भुँइमा पल्टेर लडीबुडी गर्ने साथै वाक्लो कबंल वा सिरकले छोपेर आगो निभाउने ।

- आगो निभे पछि लुगा, घडी र गहनाहरु फुकाल्ने त्यसपछि त्यो घाउलाई धाराको पानीले कम्तीमा आधा घण्टा भिजाउने।

- आगोले पोलेको घाउलाई सफा कपडाले छोपेर तुरुन्तै नजिकको स्वास्थ्यमा संस्थामा लैजाने ।




ताकलुङ स्वास्थ्य चौकी, गोरखा

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार





आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङमा हरेक महिनाको ६ गते वृद्धि अनुगमन दिन अथार्त ५ वर्षमुनिका बालबालिकाहरुको तौल अनुगमन गरि उमेर अनुसारको तौल छ कि छैन जानकारि गराउनुका साथै पोषण सम्बन्धि आवश्यक परामर्श सेवा समेत प्रदान गरिएको छ।



जलजला सामुदायिक स्वास्थ्य ईकाईमा प्रत्येक महिनाको ६ गतेका दिन तौल अनुगमन (Growth monitoring ) तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँ अन्तर्गतका सुकेपोखरी र धनुवास स्वास्थ आमा समूह नियमित बैठक सम्पन्न भएको छ, जसमा वालवालिकाको वृद्धिविकासको नियमित अनुगमन साथै गर्भवती आमा तथा वालवालिकाको पोषण अवस्था बारे अनुगमन तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




आँबुखैरेनी अस्पताल, तनहुँमा आकस्मिक रक्त सन्चार केन्द्र सन्चालनको बिषयमा प्रादेशिक रक्त सन्चार केन्द्र, चितवनसंग छलफल सम्पन्न भएको छ।



पौष महिनाको ६ गते दगातुन्डाडा स्वास्थ्य चौकीमा २४ महिना सम्मका बालबालिकाहरुको नियमित तौल अनुगमन गरि पोसिलो जाउलो,लिटो बनाउने तरिका सम्बन्धि जानकारी दिनुका साथै २४ महिनामा २४ पटक तौल वृद्धि अनुगमन गर्न आउने दिक्षित पुनलाइ लाइ पोषण मैत्री गाउँपालिकाको तर्फबाट एक क्यारेट अन्डा वितरण गरिएको छ।



प्रहरी चौकी भंगरा पर्वतबाट प्र.ह. रामचन्द्र शर्माको नेतृत्वमा महाशिला गाउँपालिका-६ फलामखानीमा वडा अध्यक्ष गोबिन्द बहादुर बि.क.को अध्यक्षतामा आमा समुह, समाजसेवी क्लव, स्थानिय मानिसहरुका लागि आत्महत्या रोकथाम सम्बन्धी सचेतनामुलक कार्यक्रम गरिएको छ।



पौष महिनाको पहिलो शुक्रबार सरसफाई @ तारंजा सामुदायिक स्वास्थ्य ईकाई, बाग्लुंग

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार





हरेक महिनाको ०६ गते बच्चाहरुको तौल अनुगमनसंगै ६ महिना पुरा गरेको बच्चालाई बालभिटा बितरण गरिएको छ ।




## मानसिक स्वास्थ्य : सबैको अधिकार

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!



प्रहरी चौकी, कार्कीनेटा पर्वतको आयोजनामा फलेवास नगरपालिका-२ मेलपोखरीमा मेलपोखरी आमा समुहहकी अध्यक्ष पार्वती थापा क्षेत्रीको अध्यक्षतामा स्थानिय व्यक्तिहरु , आमा समुह, समाजसेवीहरुका लागि बालबिबाह घरेलु हिंसा न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम गरिएको छ।



पौष महिनाको ६ गते २४ महिनासम्मका बालबालिकाहरुको तौल आनुगमन @ ग्वालीचौर सामुदायिक स्वास्थ्य इकाई, बागलुंग

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७२, वर्ष ५, २०८० पौष ८, December 24, 2023 आइतबार




ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाई अन्तर्गत रहेको ग्वास्लुङ् स्वास्थ आमा समूह नियमित बैठक सम्पन्न भएको छ । जसमा वालवालिकालाई लगाइने खोप, बालबालिकाको वृद्धिविकासको नियमित अनुगमन, गर्भवती आमा तथा वालवालिकाको पोषण अवस्था बारे अनुगमन गराईनुका साथै परिवार नियोजन (Family planning) का अस्थायी साधनको प्रयोग गर्ने, कुन अवस्थामा प्रयोग गर्ने, प्रयोग गर्दाका फाइदा बेफाइदा लगयात अन्य विषयमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ।



अतिरिक्त प्रहरी पोष्ट कुश्मा, पर्वतको आयोजनामा कुश्मा नगरपालिका-७ गोदाममा श्री नारायण उच्च मा.वि.का शिक्षक सुभद्रनाथ सुवेदीको अध्यक्षतामा कक्षा ११, १२ का विद्यर्थीहरुको उपस्थितिमा लागु औषध दुर्व्यशन न्यूनिकरण सम्बन्धि सचेतनामुलक कार्यक्रम गरिएको छ।



शुक्लागण्डकी नगरपालिका, तनहुँको आयोजनामा गर्भ अवस्थामा देखिने जटिलताबाट बचाउने उदेश्यका साथ ग्रामीण भिडयो एक्सरे सेवा कार्यक्रमको शुरुवात भएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

**सम्पादक**

नवराज शर्मा

बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback